# बाल मनोरञ्जनकर्त्ताहरु कलाकारहरुका नियुक्तिको लागि निर्देशिका

श्रम निरीक्षण डिभिजन
श्रम विभाग
हडकड

**विषय सूचि**


| | पृष्ठ |
|---|---|
| परिचय | १ |
| बालबालिकाको परिभाषा | १ |
| बालबालिका नियुक्ति सम्बन्धी सामान्य निषेध | १ |
| श्रम विभागको कमिशनद्वारा प्रदत्त बिशेष अनुमती | २ |
| बाल मनोरञ्जनकर्त्ताहरुका वर्गीकरण | २ |
| निवेदन प्रक्रियाहरु | २ |
| विशेष अनुमतीहरुमाथि लगाइएको मान्य शर्त्तहरु | ३ |
| साँस्कृतिक प्रदर्शनमा भाग लिने बालबालिकाहरु | ४ |
| विदेशी बालमनोरञ्जनकर्त्ताहरु (कलाकारहरु) को नियुक्ति | ५ |
| अपराध र दण्ड (सजाय) हरु | ५ |
| सम्बद्ध श्रम कानूनहरु | ५ |
| सोधपूछ र उजूरीहरु | ६ |

## परिचय

नियुक्ति अध्यादेश (Employment Ordinance) (Cap.57) अन्तर्गत बालबालिका नियुक्ति नियमानुसा उनीहरुका अध्ययनमा व्यवधान नपुर्‌याउन औद्योगिक संस्थान तथा अनौ अनौद्योगिक ौगिक संस्थान तथा अनाधौगिक संस्थानहरु बालबालिकाहरुलाई रोजगारीका लागि भर्ना गर्न निषेध गरिएको छ ।

तथापि मनोरञ्जनका लागि भर्ना गर्ने रोजगारदाताहरुले विज्ञापन वा सम्बन्धीत क्षेत्रमा साच्चै नै आवश्यक्ता पर्दा विभिन्न उमेरका बालबालिकाहरुलाई आफ्ना काममा भर्ना गर्न आवश्यक्ता महसूस गर्न सक्छन् । यस निर्देशन पुस्तिाकाले बाल बालिकाहरुलाई भर्ना गर्न आवेदन प्रक्रियाको सामान्य संक्षिप्त जानकारी दिन्छ साथै श्रम विभागको कमिशनर्द्वारा लागू गरिएको नियमहरु उल्लेख गरिएको छ जसले गर्दा मालिकहरुले आफ्नो दायित्व बुझ्न र बालि कलाकारहरुले आफ्ना अधिकार जान्न मद्दत गर्छ ।

बिस्तृत जानकारीको लागि "A Concise Guide to the Employment of Children Regulations." हेर्नु होला ।

## बालिबालिकाको परिभाषा

नियुक्ति अध्यादेश (Employment Ordinance) को परिभाषा अनुसार १५ वर्ष भन्दा मुनिको मान्छे 'बालक' हो ।

## बालबालिका नियुक्ति सम्बन्धी सामान्य निषेध

कुनै व्यक्तिले कुनै औधोगिक संस्थानहरुमा कुनै बालकलाई भर्ना गर्ने छैन् । "Employment of Children Regulations" मा उल्लेखित केही बन्देजभित्र रही १३ वा माथिका बालबालिकाहरु औधोगिक संस्थानमा बाहेक काममा लगाउन सकिने छ । तर यस वर्गीकरणभित्र पर्ने बालिबालिकाहरु जसले माध्यमिक शिक्षाको फर्म-३ पूरा गरेका छैनन् , उनीहरु लाभ नकमाउने उद्देश्यहरुले गरिएका बाहेक अन्य सार्वजानिक मनोरञ्जन थलोहरुमा काम गर्न पाउने छैनन् ।

कुनै पनि कार्यस्थलमा काम गर्ने बालक चाहे ज्यालामा होस वा नहोस, नियमहरुका उद्देश्य विपरीत भर्ना वा नियुक्ति गरिएको मानिनेछ ।

यो नियम Apprenticeship Ordinance (Cap. 47) अन्तर्गत दर्ता भई काम सिक्ने सिकारु बालबालिकाहरुका लागू हुने छैन् ।

## श्रम विभागको कमिशनद्वारा प्रदत्त बिशेष अनुमती

कला वा प्रशिक्षणको विकास हेतू श्रम कमिशनरले Employment of Children Regulations अन्तर्गत केही कुरोहरु छूट दिइ विभिन्न उमेरका नानीहरुलाई मनोरञ्जनकर्त्ताका रुपमा काममा लगाउने अनुमती दिन सक्ने छ। रोजगार दिने व्यक्तिले बाल मनोरञ्जनकर्त्ताको रुपमा नियुक्त गर्नलाई नियुक्ति गर्न अगाडि लिखित रुपमा कमिश्नरलाई आवेदन दिनु पर्ने छ।

नानीहरुका पढाइमा कुनै किसिमको बाधा नपरोस र उनीहरुका हित, सुरक्षा, स्वास्थ्य र चरित्रमा खतरा नआवोस भन्ने उद्देश्यले कमिश्नरले विशेष अनुमतीहरुमाथि केही निश्चित सर्तहरु र बन्देजहरु लगाउने छ।

## बाल मनोरञ्जनकर्त्ताहरुका वर्गीकरण

नियुक्तिको प्रकृति अनुसार, बाल मनोरञ्जनकर्त्ताहरुलाई मोटामोटी रुपले निम्न दुई वर्गाहरुमा वर्गीकरण गरिएको छ :

(क) सिकारु कलाकारहरु जसलाई कुनै विशेष कार्यक्रम वा निर्माणमा विशेष उद्देश्यका लागि नियुक्त गरिन्छ। र

(ख) करारका कलाकाहरु/स्वतन्त्र कलाकारहरुजसलाई एउटा निश्चित अवधिभरको लागि वा कार्यक्रमको आधारमा नियुक्त गरिन्छ। विभिन्न वर्गीकरणका बाल मनोरञ्जनकर्त्ता वा कलाकारहरुका नियुक्तिको लागि विभिन्न आवेदन प्रक्रिया र नियुक्तिका शर्तहरु हुने छन्।

## आवेदन प्रक्रियाहरु

(क) सिकारु कलाकारहरु : आवेदनहरु (Form CEF-1) श्रम विभागमा नियुक्ति गरिनु भन्दा ४८ घंटा अगाडि पुग्नु पर्छ। निर्माण सम्बन्धी लेखन वा कथानक पनि प्रस्तुत गर्नु पर्छ।

(ख) करारका कलाकारहरु/स्वतंत्र कलाकारहरु : आवेदनहरु (Forms CEF -1 and CEF -2) दुवै नियुक्ति भन्दा कम्तिमा ७ दिन अगाडि निर्माण सम्बन्धी लेखन र कथानक श्रम विभागमा पुग्नु पर्छ। यस बाहेक बाल कलाकारहरुका नियुक्ति आलेख (Form CEF -4), निजका अभिभावक वा बुबा आमाको नियुक्तिको लागि लिखित मंजुरी तथा मान्यता प्राप्त विद्यालय उपस्थितिको प्रमाण पत्र वा निजले फर्म ३ पूरा गरेको प्रमाण पनि त्यसै बेला प्रस्तुत गर्नु पर्ने छ।

## विशेष अनुमतीहरुमाथि लगाइएको मान्य शर्त्तहरु

(क) मूलभूत शर्त्तहरु

१.कुनै पनि बाल बालिकालाई काममा लगाइने छैन :

- बिहान ७ बजे अगाडि अथवा बेलुका ११ बजे पछि
- कामको अवधिभर कुनै पनि दिन ८ घण्टाभन्दा बढी
- बिद्यालय सत्रभरि ४ घंटाभन्दा बढी
- बिद्यालय संचालन भइरहेको बेला
- हप्तामा ४ घण्टाभन्दा धेरै र बिद्यालय सत्रको दौरान सोमबारदेखि शनिवारसम्म ३ दिनभन्दा धेरै
- निजको काम समाप्त भएको कुनै पनि दिनपछि लगतै १२ घण्टाको समयावधिमा; र
- भोजन वा बिश्रामको लागि कम्तिमा १ घण्टाको बिश्राम बिना लगातार ५ घण्टभन्दा धेरै काम गर्न लगाउन । ६ वर्षभन्दा कम उमेरको बालबालिकालाई उपरोक्त ५ घण्टा भित्र आधा घण्टा भन्दा कम्तिको थप बिश्राम सयम नदिई काम गराउँन

२. प्रत्येक बालबालिकालाई बेलुका ७ बजेपछि काम गर्नु परेमा घरसम्म पुऱ्याउन निशुल्क यातायातको व्यवस्था हुनु पर्ने छ ।

३. कुनै पनि बालबालिकालाई उसको जीवन, स्वस्थ्य वा नैतिक आचरणकोलागि खतरनाक भूमिकामा संलग्न गराइने छैन् ।

(ख) सिकारु बालबालिकाकोलागि थप शर्त्तहरु निम्नलिखित कागजपत्रहरु कायम राख्नुपर्ने छ र श्रम विभागका श्रम निरीक्षकहरुका नियुक्ति अवधि भरी निरीक्षणकोलागि उपलब्ध गराइनुपर्ने छ र ती कागजपत्रहरु नियुक्ति अवधिको अन्तिम दिनको ४ दिन भित्र श्रम विभागमा पठाउनुपर्ने छ ।

*'बिद्यालय उपस्थिति प्रमाणपत्र' भनेको त्यो प्रलेख हो जो बिद्यालय प्रमुखद्वारा जारी हुन्छ । जब कुनै बालक काम दिइन्छ उसको आमाबुबाले बिद्यालय प्रमुखलाई यो प्रमाण-पत्रकोलागि आवेदन गर्नुपर्छ । जब कुनै बालकलाई काम दिइन्छ, उसको आमाबुबाले बिद्यालय प्रमुखलाई यो प्रमाण-पत्रकोलागि आवेदन गर्नुपर्छ ।*

(१) प्रत्येक बाल मनोरञ्जनकर्त्ताको एउटा नियुक्ति प्रलेख तैयार पार्ने जसमा उसको ब्यक्तिगत विवरण र काम सम्बन्धी जानकारी समावेश गरिनु पर्ने छ , र

(२) बालक-बालिकको आमा-बुवाको लिखित मँजूरी र निजको बिद्यालयको नाम र अध्ययन गरिरहेको कक्षा खुलाउनु पर्ने छ ।

(ग) करारको कलाकार र स्वतन्त्र कलाकारहरुकालागि थप शर्त्तहरु :

(१) निम्नलिखित कागजपत्रहरु कायम गर्नु पर्ने र श्रम निरीक्षकहरुका निरीक्षककोलागि उपलब्ध गराइनुपर्ने छ :
(२) प्रत्येक बाल मनोरञ्जनकर्त्ताको एउटा नियुक्ति प्रलेख तैयार पार्ने जसमा उसको ब्यक्तिगत विवरण र काम सम्बन्धी जानकारी समावेश गरिनु पर्ने छ ।
(३) निजका आमाबुबाको लिखित मँजूरी र
(४) निजले फर्म-३ पूरा गरेको वैध बिद्यालय उपस्थिति प्रमाण-पत्र वा प्रमाणहरु हुनुपर्ने छ ।

## साँस्कृतिक प्रदर्शनमा भाग लिने बालबालिकाहरु

बालबालिकाहरुलाई साँस्कृतिक प्रदर्शनमा सहभागी गराउ इच्छुक आयोजक संस्थाले प्रदर्शन हुने दिनदेखि १४ दिन अगाडि मान्य सूचना फार्म भरी श्रम विभागलाई सूचना दिए पुग्छ र निम्न मापदण्डहरु पुगेको खण्डमा श्रम कमिशनारबाट बिशेष अनुमती लिइरहनु पर्ने छैन ।

(क) बालबालिकाहरु वा उनीहरुका आमाबुबा/अभिभावकहरुले, चाहे जुनसुकै शर्त्त वा शीर्षकहरुमा होस, प्रदर्शनमा भाग लिंदा कुनै किसिमको आर्थिक पुरस्कार लिने छैन, र

(ख) बालबालिकाहरुमा सुरक्षा, स्वस्थ्य र हित तथा उनीहरुका अध्ययन र आचरण प्रदर्शनको दौरान जोखिम पर्ने छैन । उदाहरणकोलागि प्रदर्शनहरु महिनामा सात दिन वा एक हप्तामा चारदिन भन्दा बढी हुनुहुँदैन ।

*उदाहरणको लागि आयोजक संस्थाहरुद्वारा निशुल्क प्रदान गरिने लञ्चबक्स, पोशाकहरु वा यातायात सुविधाहरु आर्थिक लाभ वा पुरस्कारको रुपमा लिइने छैन् जबकि भोजन/पोशाक/ भ्रमण भत्ताहरु पैसा वा नगदरुपमा दिइएको खण्डमा ती ज्याला वा आर्थिक पुरस्कारको रुपमा लिइने छ ।*

यदि उपरोक्त मापदण्डहरुसँग श्रम विभाग सन्तुष्ट भएमा आयोजनाकर्त्ता संस्थालाई लिखितरुपमा श्रम विभागको कमिशनरको अनुमती लिन नपर्ने भनी जाकारी गराइने छ। बाल कलाकारहरुका हित संरक्षणकोलागि आयोजक संस्थाले दुर्खटना वा आवश्यक बीमाको व्यावस्था गर्नुपर्ने छ ताकि प्रदर्शनको बेला हुन सक्ने दुर्घटनाबाट बालबालिका सुरक्षित रहोस।

सूचनाको जाँचबुझपछि यदि श्रम विभागले श्रम विभागको कमिश्नरको स्वीकृति लिन औपचारिक आवेदन चाहिने ठहर गर्छ भने आयोजक संस्थालाई त्यही मुताविक लिखितरुमा सूचना दिइने छ। यस्तो आवेदन-पत्रमा आवश्यक कागजपत्रहरु, बालबालिकाको आमा-बुवा/अभिभावकको लिखित मँजूरी र बिद्यालयबाट प्रमाणित उपस्थिति प्रमाण-पत्र संलग्न हुनुपर्छ।

## विदेशी बालमनोरञ्जनकर्त्ताहरु (कलाकारहरु) को नियुक्ति

हङकङमा काम गरिरहेका विदेशी मनोरञ्जनकर्त्ताहरुले हङकङ सरकारको आध्यागमन विभाग (The immigration Department) द्वारा लागु गरिएका केही आप्रवास शर्त्तहरु पूरा गर्नु पर्ने हुन्छ। विदेशी बाल मनोरञ्जनकर्त्तालाई नियुक्त गर्न इच्छुक नियुक्तिदाता मालिकहरुले हङकङमा प्रदर्शन गर्न उनीहरुका स्थानीय समकक्षीहरु झैं श्रम कमिशनरलाई आवेदन गर्नुपर्ने हुन्छ। प्रत्येक मामलाको अवस्था हेरेर कमिश्नरले रोजगारदाताले पूरा गर्नुपर्ने केही नियमहरु खारेज गर्न सक्ने छ र थप शर्त वा बन्देजहरु लउन सकने छ।

## अपराध र दण्ड (सजाय) हरु

कुनै व्यक्तिले गैरकानूनीरुपले कुनै बाल-बालिकालाई काममा लाउँछ भने दोषी साबित भएमा उसलाई अधिकतम ५०,००० डलर जरिमाना गर्न सकिने छ। कुनै रोजगारदाताले कुनै शर्त्तहरु भंग गरेको खण्डमा कमिशनरले स्वीकृत गरेको अनुमती रद्द हुनेछ र ऊ विरुद्ध आपराधिक मुद्दा लगाइने छ।

## सम्बद्ध श्रम कानूनहरु

(क) पेशागत सुरक्षा र स्वास्थ्य अध्यादेश र यसका सहायक नियमहरु लागु गरिएका छन्।

(१) कामगर्नेहरुका सुरक्षा र स्वास्थ्य सुनिश्चित गर्न।
(२) कामगर्नेहरुका कार्यस्थल बढी सुरक्षित र स्वास्थ्यकर बनाउने उपायहरु निर्धारण गर्न,
(३) कार्यस्थलमा प्रयोग गरिने वा राखिने केही जोखिमपूर्ण प्रक्रिया, बिरुवा वा पदार्थहरुसंग सम्बद्ध सुरक्षा तथा स्वास्थ्य स्तरहरु सुधार गर्न, र
(४) कार्यगत वातावरणको सुरक्षा तथा स्वास्थ्य सम्बन्धी पक्षहरुमा सामान्यत, सुधार ल्याउन पेशागत सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सार्वजानिक सोधपूछका लागि २५५९ २२९७ हटलाईनको व्यावस्था गरिएको छ। दुर्घटनाहरु र खतरनाक घटनाहरुको जानकारी हटलाईन २८१५ ०६७८ मा दिन सकिनेछ।

(ख) कामदारहरुका क्षतिपूर्ति अध्यादेश (Cap. 282)

कामदार क्षतिपूर्ति अध्यादेश अन्तर्गत सबै कामदारहरुमा पर्याप्त बीमा गरिनु पर्छ र उनीहरुका पूर्ण वा आंशिक कामदारहरु र बालबालिकाहरु समेतलाई कामको बेला लागेका चोटपटकहरुकालागि सामान्य कानून अन्तर्गत बीमा गरिनु पर्छ।

(ग) रोजगार अध्यादेश

रोजगार अध्यादेश अर्न्तगत कामगर्ने बालबालिकालाई लागु हुन्छ।

## सोधपूछ र उजूरीहरु

बाल मनोरञ्जनकर्त्ताहरु सम्बन्धी सोधपूछ (Enquiry Hotline 2717 1771) मा सम्पर्क गर्न सकिने छ।
अथवा 1823 Call Centre
वा श्रम विभागको होम पेज http://www.labour.gov.hk

उजूरीहरु हाम्रो २४ घण्टे Complaint Hotline 2815 2200 मा गर्न सकिने छ। पत्राचारकालागि हाम्रो ठेगाना
Headquarters of The Labour-Inspection Division,
Labour Department, 17/F Harbour Building,
38 Pier Road, Central, Hong Kong
सबै प्रकारको उजूरीहरु अत्यन्त कडा र गोपनीयतकासाथ कार्यवाई गरिने छ।